PAN No.: 500019629

Regd No. 127968/071/072

# हिमालय उर्जा विकास कम्पनी लिमिटेड
# Himalaya Urja Bikas Company Limited

Upallo Khimti (12MW) & Upper Khimti -II (7MW) Hydropower Project

न.वि.बो.-०८३।८४

मितिः २०८३/०६/१८

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौं ।

**विषयः कम्पनीको छब्बिसौं वार्षिक साधारण सभा तथा शेयर दर्ता किताब बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको मिति २०८३।०६।१८ गतेका दिन दिउँसो ३:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको छब्बिसौं वार्षिक साधारण सभा मिति २०८३ कार्तिक १६ गते, सोमबारका दिन विहान ११:०० बजे अर्पण बैंकेट धापागाऊँ, बानेश्वर, काठमाण्डौंमा गर्ने निर्णय भएको जानकारी गराउँदछौं । उक्त साधारण सभा प्रयोजनको लागि मिति २०८३।०६।२८ गते शेयर दर्ता किताब बन्द (Book Close) गर्ने निर्णय गरिएको हुँदा सोही अनुसारको व्यवस्था गरिदिनुहुन अनुरोध छ । साथै यस सम्बन्धी सूचना मिति २०८३।०६।१९ गतेको नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकाशित हुने र सो सूचनाको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

**संलग्नः**

१. वार्षिक साधारण सभाको सूचनाको प्रतिलिपी - थान १

Himalaya Urja Bikas Company Ltd.
Estd: 2014

नवराज भण्डारी
(कम्पनी सचिव)

**बोधार्थः**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
२. श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौ,- आवश्यक समन्वयन गरिदिनुहुन ।

Central Office: Kathmandu-32, Tinkune. Phone No.: +977-1-4111853/4111674
Site Office: Gokulganga-1, Ramechhap, Phone No.:+977-1-6220004
Email: himalenergy@gmail.com
Website: www.himalurja.com

# हिमालय उर्जा विकास कम्पनी लिमिटेडको

## छब्बिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति-२०८२-०६-१९)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८३ असोज १८ मा बसेको सञ्चालक समितिको १३४ औं बैठकको निर्णयअनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः

मिति - २०८३ कार्तिक १६ गते, सोमबार (Nov 2, 2026)

समय - बिहानको ११ बजे

स्थान - अर्पण बैंक्विट, थापागाऊँ, नयाँबानेश्वर, काठमाण्डौ ।

### छलफलका विषयहरूः

### क) सामान्य प्रस्तावहरू

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरू छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) आ.व.२०८३/०८४ को लेखा परिक्षक नियुक्ती र निजको पारिश्रमिक सम्बन्धमा ।

४) सञ्चालकको पारिश्रमिक घटाइएको सम्बन्धमा ।

५) बाँकी अवधिको लागी भएको स्वतन्त्र सञ्चालकको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा ।

### ख. विविध

**वार्षिक साधारण सभासम्बन्धी सामान्य जानकारी :**

१) साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८३।०६।२८ गतेलाई मानिएको छ ।

२) नेपाल स्टक एक्सचेन्जमा मिति २०८३।०६।२७ गते सम्म शेयर कारोबार गरी नामसारीमा आएका शेयरधनीहरु मात्र सभामा भाग लिन तथा मतदानका लागि योग्य हुनेछन् ।

३) वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमालिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

४) शेयरधनीहरूको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।

५) उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट सङ्ख्याअनुसार पर्याप्त भएमा मात्र सभा सञ्चालन हुने छ ।

६) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी ऐनको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । यस्तो प्रोक्सी फाराम साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरी सक्नुपर्ने छ । एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गर्नु भएमा जुन मुकरित प्रोक्सि कम्पनीको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ र त्यो बाहेकको प्रोक्सी मान्य

हुने छैन तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भएमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७) कुनै संगठीत संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठीत संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।

८) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु विविध शीर्षकअन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्ने छ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।

९) साधारण सभासम्बन्धी थप जानाकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.-३२, सुविधानगर, तिनकुने, काठमाडौंमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

Himalaya Urja Bikas Company Ltd. Estd: 2014

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव